# स्थानीय राजपत्र

बेसीशहर नगरपालिकाद्धारा प्रकाशित

खण्ड १, संख्या १०, ज्येष्ठ २९ गते, २०७५ साल

**स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## बजार व्यवस्थापन कार्यविधि २०७४

**पृष्ठभूमि :-**

नेपालको संविधानले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भन्ने धारा ४४ मा संबैधानिक हकको व्यवस्था गरेको छ । गुणस्तरहीन वस्तु वा सेवाबाट व्यक्तिलाई हुन सक्ने क्षति रोक्न, उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गरी उपभोग्य वस्तु वा सेवाको गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गर्न, एकाधिकार एवं अनुचित व्यापारिक क्रियाकलापद्वारा मूल्य अभिवृद्धि हुन सक्ने अवस्थालाई रोक्न र उपभोग्य वस्तु वा सेवाको सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण सम्बन्धी व्यवस्था गर्न तथा उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने व्यवस्था गर्न वान्छनीय भएकोले,

नगरवासीको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न, स्थानीय सरकार संचालन सम्वन्धी ऐन, नियम, विनियम, मापदण्ड एवं निर्देशिकामा व्यवस्था भएका प्रावधानहरुलाई लागु गरी कानूनी शासनको अवधारणामा टेवा पुऱ्याउने र दण्डहिन वातावरणको अन्त गर्ने परिस्थिति निर्माण गर्न आवश्यक भएकोले

बेसीशहर नगरपालिका क्षेत्रमा भएको बढ्दो जनसंख्यालाई व्यवस्थित गर्दै सहरी सेवालाई प्रभावकारी बनाउन आबश्यक भएकोले नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी यो बजार व्यवस्थापन कार्यविधि २०७४ तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१.१ यस कार्यविधिको नाम "बजार व्यवस्थापन कार्यविधि-२०७४" रहनेछ ।

१.२ यो कार्यविधि बेसीशहर नगरपालिका कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान"भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

(ख) "स्थानीय तह"भन्नाले नेपालको संविधानको धारा५६को उपधारा ४ बमोजिम गठित नगरपालिका सम्झनुपर्छ ।

(ग) "कार्यपालिका"भन्नाले नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख"भन्नाले बेसीशहर नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख"भन्नाले बेसीशहर नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले बेसीशहर नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "विषयगत शाखा"भन्नाले नगरपालिकाको कार्य विभाजन नियमावली २०७४बमोजिमको विषयगत शाखालाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले कार्य सम्पादन नियमावलीको दफा १५ बमोजिमका कार्यपालिकाका विषयगत समितिहरुलाई सम्झनु पर्छ ।

(ञ) “कार्यविधि” भन्नाले बजार व्यवस्थापन कार्यविधि-२०७४ सम्झनु पर्दछ।

(ट) “नगरपालिका” भन्नाले बेसीशहर नगरपालिकासम्झनु पर्दछ।

(ठ) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ड) “व्यापारिक सामान” भन्नाले विक्री गर्ने प्रयोजनका लागि राखिएका सामानलाई जनाउनेछ ।

(ढ) “निर्माण सामाग्री”भन्नाले घर, टहरा, पर्खाल आदि निर्माण गर्न प्रयोग हुने सामाग्री जस्तै इटा, ढुंगा, रोडा, बालुवा, सरिया, कर्कटपाता, पाईप आदिलाई सम्झनु पर्छ ।

(ण) “कालो सूचि” भन्नाले यसै निर्देशिका वमोजिम तोकिएको कार्यविधि पुऱ्याई अद्यावधिक गरिएको सूचि सम्झनु पर्दछ ।

३. **कालो सूचिमा नाम सुचिकृत गरिने** : नेपालमा प्रचलित ऐन, कानुन, उपमहानगरपालिकाबाट जारी भएका अन्य ऐन, कानुन, निर्देशिका र यो कार्यविधि अनुसार कालो सूचिमा निम्नानुसार व्यक्ति वा संस्थाहरु सूचिकृत गरिनेछन् । उजुरी निवेदन,टोल विकास संस्थाको सुचना, नगर प्रहरी व्यवस्थापन शाखा वा नगरपालिकाको अनुगमन टोली वा प्राविधिकहरुको स्थलगत प्राविधिक प्रतिवेदन उपर चालिएको कारवाहीका आधारमा यो सूचि तयार गरिनेछ । सूचिको जानकारी सवै शाखा तथा वडा कार्यालयहरुमा समेत गराईनेछ ।

(क) नगरपालिका सम्वन्धी कानून वमोजिम जारी भएको आदेश नमान्ने,

(ख) जथाभावी फोहोरमैला फ्याँकेका कारण नगरपालिकावाट भएको सजायँ भुक्तानी गर्न वाँकी राख्ने,

(ग) कुनै पनि सरसामान सार्वजनिक आवागमनमा अवरोध हुने गरी थुपारेका विषयमा नगरपालिकाका तर्फवाट जारी भएको आदेश नमान्ने,

(घ) प्रक्रिया पुरा नगरी ऐन विपरित निर्माण कार्य गर्ने,

(ङ) नगरपालिकाको वाँकी वक्यौता, पेश्की, बेरुजु फछ्र्यौट नगर्ने,

(च) सार्वजनिक भवन, जग्गा वा अन्य सम्पत्ती अतिक्रमण गर्ने ,

(छ) राजश्व तथा कर, सेवा शुल्क सम्वन्धी नगरपालिकाको नीति, आदेश उल्लंघन गर्ने,

(ज) आधारभूत बिबरण झुट्ठा पेश गरी राजश्व तथा कर, सेवा शुल्क छल्ने,

(झ) कानुन वमोजिम तोकिएको जरिवाना चुक्ता नगर्ने,

**४. कालो सूचिमा सूचिकृत गर्ने वा सूचिवाट हटाउने कार्यविधिः**कार्यविधिको नियम ३ अनुसार कालो सूचिमा सूचिकृत गर्नु पर्ने कारण स्पष्ट भए पश्चात् नियम ५वमोजिम गठित कार्यदलको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट नगरप्रमुख समक्ष पेश गरी कालो सूचिमा सुचिकृत गर्ने वा सूचिवाट हटाउने निर्णय हुनेछ। तर कालो सूचिमा सुचिकृत गर्नु अघि सम्वन्धित पक्षलाई आफ्नो सफाई पेशगर्ने वा आफ्नो कर्तव्य पालन गर्ने अवसर प्रदान गर्नु पर्नेछ।

**५. कालो सूचि कार्यान्वयन कार्यदल गठन** :कालो सूचिमा सूचिकृत गर्न तथा सूचिकृत नाम हटाउन आवश्यक सिफारिस गर्न निम्नानुसारको कालो सूचि कार्यान्वयन कार्यदल गठन गरिनेछ।

क) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण शाखा प्रमुखः- संयोजक

ख) राजश्व नीति तथा प्रशासन महाशाख प्रमुख - सदस्य

ग) नगर प्रहरी व्यवस्थापन शाखा - सदस्य

घ) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा शाखा- सदस्य

ङ) सम्वन्धीत वडा सचिव - सदस्य

च) सडक तथा यातायात व्यवस्था शाखा - सदस्य सचिव

६. **सेवा, सुविधा रोक्का हुने** :नियम३ बमोजिम कालो सूचिमा सूचिकृत तथा तिनका एकाघर तीन पुस्तेभित्रका परिवार सदस्यहरुका लागि नगरपालिका तर्फबाट प्रदान गरिने सबै सेवा, सुविधा एव सिफारिस रोक्का गरिनेछ । यो निर्देशिका लागु भए पश्चात् सेवाग्राहीले आफ्नो आवेदन, उजुरी निवेदन प्रस्तुत गर्ने उजुरी कर्ताले आफ्नो परिचय खुल्ने नेपाली नागरिकताको प्रमाण पत्र संग संगै करचुक्ताको प्रमाण पत्र (एकिकृत सम्पत्ती कर, बहाल कर, व्यावशाय दर्ता/नविकरण) अनिवार्य रुपमा पेशगर्नु पर्ने र सेवा प्रदान गर्ने सबै शाखा महाशाखा र वडा कार्यालयले कालो सूचि रुजु गरेर मात्र आवश्यक सेवा प्रदान गर्नेछ ।

तर नेपाली नागरिकता तथा कानूनले तोकेको ढाँचामा आफ्नो नजिकको मृतक नातेदार संग नाता प्रमाणित प्रमाण पत्र लिन, पंजिकरण सम्वन्धी सेवा तथा विपद् संग सम्वन्धीत सिफारिस लगायतका सेवाप्रदान गर्ने विषयका हकमा भने यो प्रावधान लागु हुने छैन ।

७. **दरपीठ गर्नु पर्ने :-** विभिन्न निवेदन तथा दरखास्तका विषयमा तत्काल कार्यान्वयनको क्रममाकालो सूचिका कारण तत्काल कार्यान्वयन नहुने भए कारण समेत खुलाई (दरपीठ गरी) सेवाग्राहीलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

८ **बजार व्यबस्थापन समितिको गठन :-** (१) नगरको बजार व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न उपमहानगरपालिकामा देहायनुसारको अनुगमन समिति गठन गरिनेछ ।

(क)नगर प्रमुख - अध्यक्ष

(ख)उप प्रमुख - सदस्य

(ग)सार्वजनिक सेवा तथा क्षमता विकास समितिको संयोजक - सदस्य

(घ) नगरपालिकाले मनोनयन गरेका कार्यपालिका सदस्यहरु-२ जना सदस्य

(ङ) नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(च) प्रतिनिधि लमजुङ उद्योग वाणिज्य संघ - सदस्य

(छ)प्रतिनिधि लमजुङ जिल्ला निर्माण व्यवसायी संघ- सदस्य

(ज)प्रतिनिधि घरेलु तथा साना उद्योग महासंघ- सदस्य

(झ) नेपाल पत्रकार महासंघ, लमजुङ शाखा प्रतिनिधि- सदस्य

(ञ)प्रतिनिधि होटल व्यवसायी समिति - सदस्य

(ट) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(ठ) जिल्ला प्रहरी कार्यालय प्रतिनिधि- सदस्य

(ड) ट्राफिक कार्यालयको प्रतिनिधि - सदस्य

(ढ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण शाखा प्रमुख -सदस्य सचिव

(२) बजार व्यवस्थापन समितिको बैठक सामान्यतया २ महिनामा एकपटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ । आवश्यकता महसुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ।

९. **वजार व्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार :-**

(क) बजार व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) बजारव्यवस्थापनकार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ग) सचेतनामूलक विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(घ) बजार व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको समन्वय जनचेतना अभिवृद्धि गर्न नीति तय गर्ने ।

(ङ) प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(च) बजार व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।

(छ) मिठाई पसल, होटल तथा रेस्टुराहरु र सडकमा बेचबिखन हुने मिलावटयुक्त खाना र रंगबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

१०. **होटेल, रेष्टुराँ तथा मिठाई पसल, डेरी र खाद्य किरानासामान विक्री गर्ने सन्चालक र नगरवासीको कर्तव्य** :(१) स्थानीय सरकार संचालन ऐन २०७४ दफा ५८ बमोजिम नगरपालिकामा आफ्नो व्यवसाय दर्ता गराई प्रमाणपत्र लिएको व्यक्तिले मात्र नगरपालिका क्षेत्रमा व्यवसाय सन्चालन गर्न पाउनेछ । होटेल तथा रेष्टुराँ सन्चालकको देहाय बमोजिमको कर्तव्य हुनेछ :-

(क) बासी सडेगलेका तथा भिंगा भन्नेका खानेकुरा वा स्वास्थ्यको लागि हानिकारक भनी प्रमाणित रङ,रसायन, म्याद नाघेका औषधि वा खाद्य बस्तु वा अन्य कुनै खाद्य वस्तु प्रयोग गरिएको खानेकुरा, बासी सडेगलेको भिंगा भन्केका बासी माछा मासु,रोग लागि मरेका पशुपंक्षीको माछामासु बेच्न पाइनेछैन ।

(ख) होटेल तथा व्यबसाय सफा सुग्घर राख्ने, राख्न लगाउने ।

(ग) होटेल, रेष्टुराँ तथा मिठाई पसल, डेरी, आईसक्रिम, चना चटपट, पानीपुरी, बरफ आदि समेत र सडकमा विक्री गर्नेले ग्राहकलाई मुनासिब माफिकको दाममा शुद्ध तथा पवित्र खुवाउने ।

(घ) ग्राहकलाई आफूले सक्दो सुरक्षा वा हेर विचार गर्ने, गराउने ।

(ङ) मदिरा विक्री गर्ने होटेलको भित्री भागमा छुट्टै खुवाउने व्यवस्था गर्ने ।

(च) मदिरा बेच्दा वा खुवाउँदा शान्ति सुरक्षाको ख्याल गर्ने ।

(छ) होटेल लजमा आएका ग्राहकको नाम, नागरिकता, पेशा, आएको मिति र ठेगाना समेतको विवरण लेखाउने ।

(ज) ग्राहकलाई मदिरा खुवाउँदा होस हवास हराउने गरी वा ग्राहकले आफूलाई नियन्त्रण राख्न नसक्ने गरी धेरै मात्रामा मदिरा खुवाउन पाइनेछैन ।

(झ)१८ वर्ष मुनिका बालक र मदिराले मातिसकेका व्यक्तिलाई कुनै पनि होटेल वा पसलको मालिकले मदिरा बेच्न वा खुवाउन पाइनेछैन ।

(ञ) १८ वर्ष मुनिका बालकलाई सुर्ति, चुरोट, गुट्का पान पुकार बेच्नपाइनेछैन ।

(ट) पसल अगाडीको आँगन, फुटपाथ अतिक्रमण गरी धुलो धुवाँ हुने गरि पकाउन पाईनेछैन ।

(ड) होटल तथा रेष्टुराहरुमा फिल्टर गरेको पिउने पानी व्यवस्थापन गरेर राख्नुपर्छ ।

(ढ) होटल तथा रेष्टुराहरुमा पसल र कोठाहरु पर्याप्त मात्रामा हावा र प्रकाश छिर्ने गरी व्यवस्थापन भएको हुनु पर्नेछ ।

(ण) होटल तथा रेष्टुराहरुमा काम गर्ने व्यक्तिहरुको लुगा सफा, हात खुटाको नङ काटेको, पसलको भुइँ र पकाउने ठाउँ सजिलोसँग सफा गर्ने सक्ने हुनुपर्नेछ ।

(त) होटल तथा रेष्टुराहरुमा पकाउने, खाना ल्याउने वेटर, प्याक गर्ने,तौलने व्यक्तिले टोपी र एप्रोन लगाएको हुनुपर्नेछ ।

(थ) खाने ठाउँको टेवुल सफा गर्दा एन्टिसेप्टिक औषधिको प्रयोग गर्नुपर्नेछ ।खाने, पकाउने र पसलमा प्रयोग हुने औजार तथा भाडाँ सफा गरिसकेपछि त्यसलाई पोटास पानीमा पखालेर मात्र पुनः प्रयोगमा ल्याउनु पर्नेछ ।

(द) होटेल मालिकले आफनो होटेलमा सार्वजनिक सदाचार वा नैतिकतामा नराम्रो असर पर्ने किसिमका मनोरञ्जन वा त्यस्ता नाच गान देखाउन हुँदैन ।

(ध) काम गर्ने व्यक्तिहरुको हरेक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराउनु पर्नेछ । घातक सरुवा रोग लागेको व्यक्तिलाई काममा लगाउन पाइनेछैन ।

(न) बरफ तथा आइसक्रिम उद्योगले प्रयोग गर्ने पानी ताजा फिल्टर गरिएको हुने पर्नेछ ।

(प) खानेकुरालाई राम्रोसँग छोपेर वा जाली भएको दराजमा बन्द गरि राख्नुपर्नेछ ।

(फ) होटल तथा रेष्टुरामा शौचालयको समुचित प्रवन्ध हुनुपर्नेछ । तर बिक्री गर्ने, खाने र पकाउने ठाउँदेखि शौचालय उपयुक्त दुरीमा व्यवस्थापन भएको हुनुपर्दछ ।

(ब) पसल अगाडीको आँगन, फुटपाथतथा नाला सफा खुलाराख्नु पर्नेछर निर्माण सामग्री राख्न पाइने छैन।

(भ) बिद्यार्थी, नगरबासीलाई बाधा हुने गरी रेकर्ड प्लयेर, लाउड स्पीकर तथा चर्को आवाज उत्पादन गर्ने यान्त्रिक बस्तुहरु संचालन गर्नु हुदैन ।

(म) पसलमा बिक्रि गरिने वस्तुहरुको मुल्य सुची र नगरपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्यरुपमा राख्नुपर्नेछ ।

(य) पसलहरु स्थानीय प्रशासनबाट तोकिएको समय सम्म मात्र खुल्ला राख्न पाइनेछ ।

(र) बालीनाली नोक्सान पार्ने, सार्वजनिक यातायात, पैदलयात्रुलाई कठिनाई पुऱ्याउने वा नगरक्षेत्रको स्वच्छता र सौन्दर्यतामा असर हुने गरी सुंगुर, बंगुर, हाँस, घोडा, खच्चर, गधा, गाई, भैंसी, भोडा बाखा, वा अन्य बस्तु छाडा छाड्न पाइनेछैन ।

(ल) १८ बर्ष भन्दा मुनिका बालबालिकाहरुलाई श्रममा प्रयोग गर्न पाइने छैन ।

(व) फ्रेसहाउस सञ्चालन गर्दा तोकिएको मापदन्ड पुरा गरी संचालन गर्नुपर्नेछ । छिमेकमा दुर्गन्ध आउने गरी फुटपाथमा वा अन्य स्थानमा जिँउदो वा मरेको कुखुरा राख्न पाइने छैन ।

११. **सडक तथा फुटपाथअबरोध गर्न नपाईने** : मुख्य बजार क्षेत्रमा रहेको सडक तथा फुटपाथमा कुनै पनि प्रकारले अवरोध हुने गरिविक्री गर्ने सामान झुण्ड्याउने, पाली गाँस्ने, स्ट्यान्डबोर्ड, साईकल मोटर साईकल पार्किङ्ग, साइकल मोटरसाईकल मर्मत गर्ने काम,ठेला, डोका, नांग्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन ।बजार क्षेत्रको सडक आवागमनमा असर पर्ने गरि निर्माण सामग्रीराख्न पाइने छैन |

१२. **कवाडी, फलफूल, तरकारी तथा माछामासु बजार** : (१)नगरपालिकाबाट तोकिएको स्थानमा मात्रतरकारी तथा फलफूल र माछामासु व्यापार गर्न पाइनेछ ।

(२) नगरपालिकाबाट तोकिएको स्थानमा मात्र कवाडी राख्न पाइनेछ ।

(३) अन्यत्र फूटपाथ, चोक र पैदल तथा सवारी साधन आवत जावतमा अवरोध हुने गरी ठेला, डोका, नांग्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन ।

(४) टायर तथा अरु कवाडी सामानमा मुसा सर्प लुक्न सक्ने भएकोले छर छिमेकलाई असर पर्ने गरि टायर तथा अरु कवाड थुपार्न र जलाउन पाईने छैन ।

१३. **सवारी साधन पार्कीङ्ग** : (१) लामो तथा छोटो दूरीमा सेवा दिने सार्वजनिक यातायातका साधनहरु अनिवार्य रुपमा बसपार्कबाट सञ्चालन हुनु पर्नेछ ।

(२) नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित कुनै पनि सवारी साधन पार्किङ्ग गर्न पाइनेछैन ।

(३) नगरपालिकाले निर्धारण गरेको स्थान बाहेक अन्यत्र ठेलागाडाबाट व्यापार गर्न पाइनेछैन ।

१४. **ग्यारेज तथा अटोमोबाईल मर्मत केन्द्रः** (१) नगरपालिकाले निर्धारण तथा निर्माण गरेको अटोमोबाईल मर्मत केन्द्र वा अटो भिलेजमा गाडी तथा यन्त्र मर्मत केन्द्र संचालन गर्न पाईनेछ।

(२) पेट्रोलपम्पमा तोकिएको मापदण्ड अनुसार टायर मर्मत केन्द्र संचालन गर्न पाइनेछ।

(३) पेट्रोलपम्प संचालन गर्ने अनुमतिमा तोकिएको मापदण्ड अनुसार सार्वजनिक शौचालय संचालन भएको हुनु पर्नेछ।

१५. **प्लाष्टिक तथा थर्मकोलबाट बनेका गिलास वा अन्य चिजवस्तुको प्रयोगः** (१) नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित नसड्ने खालका प्लाष्टिक वा थर्मकोलबाट बनेका गिलास, कप, चम्चा, प्लेट विक्री वितरण वा प्रयोग गर्न पाइनेछैन।

१६. **नगरपालिका मातहतका निकायमा संलग्न कर्मचारी र पदाधिकारीहरुले सहयोग गर्नु पर्ने :** (१) नेपालमा प्रचलित ऐन, कानुन, नगरपालिकाबाट जारी भएका अन्य ऐन, कानुन, निर्देशिका र यो कार्यविधि कोभावना अनुसारनगरपालिका अन्तर्गतका सवै निकायमा कार्यरत कर्मचारी र संलग्न व्यक्तिले सहयोग गर्नुपर्नेछ, असहयोग गरेको पाइएमा निम्न बमोजिम कारबाही हुनेछ।

(क) स्थायी कर्मचारी वा शिक्षकको हकमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ।

(ख) अस्थायी कर्मचारी वा शिक्षकको हकमा प्रचलित कानुन अनुसार निजको सेवाको म्याद नविकरण हुने छैन।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति वा उपभोक्ता समिति वा टोल विकास संस्था वा अन्य कुनै सार्वजनिक संस्थाका पदाधिकारीको हकमा उक्त जिम्मेवारीबाट अबकाश दिन आवश्यक प्रक्रिया अवलम्वन गरिनेछ।

(घ) उपदफा (क), (ख) र (ग) अनुसार कारबाहीको भागिदार भै सके पछि पनि असहयोग गरेको खण्डमा दफा ३ बमोजिम कालो सुचिमा सुचिकृत गरिनेछ ।

(ङ) उपदफा (क), (ख) र (ग) अनुसार कारबाही गर्नु पूर्व सम्वन्धित व्यक्तिलाई सफाईको मौका दिइनेछ ।

१७. **सजाय :** (१) दफा १० को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए एक हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदाँ लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा १० को खण्ड (ख) देखि (र) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए नगरपालिकाले पाँच सय रुपैयाँ देखि एक हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।दोस्रो पटक सोही कसूर गरेमा दुई हजार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना असूल उपर गर्न सक्नेछ ।

(३) दफा ११, १२, १३, १४ र १५बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए नगरपालिकाले पाँच सय रुपैयाँ देखि एक हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।दोस्रो पटक सोही कसूर गरेमा दुई हजार रुपैयाँ देखि ५ हजार रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि १० हजार रुपैयाँका दरले जरिबाना असूल उपर गर्न सक्नेछ ।

(३) दफा १०, ११, १२, १३, १४ र १५ को बमोजिमको कुनै कसूरबाट कुनै क्षति भइसकेकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ र प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१८. **पुरस्कार दिन सकिने** : (१) नगरलाई स्वच्छ राख्न नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा नविनतम कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी कार्य गर्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्ति, टोल विकास संस्थालाई वडा तथा नगरपालिकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

१९. **सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने** : (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त खानेपानी, विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२०. **कार्यविधिमा संशोधन :** नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा रथपघट गर्न सक्नेछ । त्यस्तो संशोधन वा थपघट नगरपरिषद्बाट पारित भएपछि लागू हुनेछ ।

**२१.कार्यविधिव्याख्या** : यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

# अनुसूचि ०१
## बेसीशहर नगरपालिका कार्यालय

| सि.नं. | सूचिकृत व्यक्ति/संस्थाको विवरण | | | सूचिकृत गर्नु पर्नाको कारण, सूचिकृत गर्नको | कैफियत |
|---|---|---|---|---|---|
| | नाम(तीन पुस्ते सहित) | ठेगाना | आदेश मिति | दस्तखत एवं नाम, थर | |
| | | | | | |

कालो सूचि

**आज्ञाले,**
**भीम प्रसाद तिवारी**
**प्रमुख प्रशासकिय अधिकृत**